नेपाल सरकार
स्वास्थ्य बीमा बोर्ड
बबरमहल, काठमाडौं

फोन नं: ०१-४१००२२३
टोल फ्रि: १६६००१११२२४
बबरमहल, काठमाडौं

पत्र संख्या: ०८२/८३
च.नं ९२५०

मिति:२०८२।११।१७

श्री सेवा प्रदायक स्वास्थ्य संस्थाहरु (सबै)

विषयः जानकारी सम्बन्धमा।

प्रस्तुत विषयमा स्वास्थ्य बीमा बोर्डको दाबी व्यवस्थापन कार्यलाई थप वैज्ञानिक तथा प्रभावकारी बनाउनका लागि विगतमा पत्राचार भैसकेको हुँदा सोही विषयमा थप स्पष्ठताका लागि पुनः पत्राचार गरिएको हुँदा सोहि बमोजिम गर्न गराउनु हुन अनुरोध छ।

<u>तपसिल</u>

१. स्वास्थ्य बीमा बोर्डको बीमा व्यवस्थापन सूचना प्रणाली (IMIS) मा सेवा प्रदायक स्वास्थ्य संस्थाहरूले दाबी प्रविष्ट गर्दा Referral/Emergency/OPD बाट भर्ना हुने हकमा visit type मा others राखी care type मा OPD/IPD भन्ने column मा अनिवार्य रूपमा IPD उल्लेख गर्नुहुन।
२. OPD बाट सेवा लिनुपर्ने अवस्थामा सोही दिन OPD कै सेवाको लागि फरक-फरक Claim Code नआउने भएकाले सोही claim code मै visit type मा OPD राखी सेवा प्रदान गर्नुहुन।
३. OPD बाट सेवा लिई सोही दिन Emergency मा सेवा लिनुपर्ने हकमा र Emergency बाट सेवा लिई सोही दिन OPD मा सेवा लिनु पर्ने हकमा फरक-फरक Claim Code राखी दाबी गर्न सकिने।
४. बीमितको सदस्यता बहाल रहने अवधिभित्र शिशु जन्मेमा शिशुलाई बिमितको सदस्यता बहाल रहने अवधिसम्मको लागि आमाकै Claim Code प्रयोग गरि आवश्यक कागजात आमा र शिशुको राख्नुपर्ने तथा शिशुको मात्रै सेवा प्रदान गर्नुपर्ने हकमा आमाकै बीमा नम्बर बाट Claim Code प्रयोग गरि शिशुको आवश्यक कागजात राखी सेवा उपलव्ध गराई आवश्यक Explanation IMIS प्रणालीमा उल्लेख गर्नुहुन।

pawan

डा. पवन कुमार साह
वरिष्ठ मेडिकल सुपरिन्टेन्डेन्ट
प्रमुख,नीति योजना शाखा

<u>बोधार्थ</u>
श्री प्रदेश तथा जिल्ला सम्पर्क शाखा कार्यालय (सबै), आवश्यक समन्वय गर्नुहुन।
श्री सूचना प्रविधि शाखा, वेबसाइटमा अपलोड गर्नुहुन।